निर्णय

१. आ.व ०७८/७९ को नीति तथा कार्यक्रमको व्यावहारिक, कार्यान्वयनयोग्य, मापनयोग्य, नतिजामूलक, रुपान्तरणकारी, विकासको दूरगामी सोच अनुरुपको अवधारणामा आधारित रही तर्जुमा गर्ने ।

२. कोभिड-१९ को कारण प्रभावित अर्थतन्त्र पुनरूत्थान गर्ने गरी नीति तथा कार्यक्रम तयार गर्ने ।

३. प्रस्तावित नीति तथा कार्यक्रम प्रदेश र स्थानीय तहका नीति तथा कार्यक्रमसंग दोहोरो नपर्ने गरी आवश्यक छलफल र समन्वय गरी तयार गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक क्षेत्र, पूर्वाधार क्षेत्र, सामाजिक क्षेत्र र शासकीय क्षेत्रका नीति तथा कार्यक्रमलाई सूचक सहित दोहोरो नपर्ने गरी तयार गर्न समन्वय र सहयोग गर्ने।

५. नेपाल सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रमको तयारी बैठकमा प्रस्तुत भएको मार्गदर्शन र ढाँचा भित्र रही प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको इमेल ठेगाना( narayan.adhikari@nepal.gov.np ) मा २०७७ चैत्र ६ गते (दिउँसो ३ बजे ) भित्र पुन: ताकेता गर्नु नपर्ने गरी पठाईसक्ने ।

६. चैत्र महिनाको मध्यमा बस्ने बैठकमा प्रस्तावित नीति तथा कार्यक्रम, तिनको अन्तरसम्वन्ध र तिनले पार्ने प्रभावका बारेमा छलफल गर्ने ।

२०७७/११/२३

मुख्य सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं